## बैठक नं. ४९

आज मिति २०८१ साल चैत्र १३ गते बुधबार यस कीर्तिपुर नगरपालिकाका नगरप्रमुख श्री कृष्णमान डंगोलज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्णमान डंगोल | |
| २ | उप प्रमुख | श्री शुभलक्ष्मी शाक्य (सुनिता) | |
| ३ | सदस्य, अध्यक्ष वडा नं. १ | श्री इच्छा कुमार महर्जन | |
| ४ | सदस्य, अध्यक्ष वडा नं. २ | श्री रुपेश महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडाल नं. ३ | श्री सुबिन्द्र महर्जन | |
| ६ | सदस्य, अध्यक्ष वडा नं. ४ | श्री राजेन्द्र बाँनिया | |
| ७ | सदस्य, अध्यक्ष वडा नं. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ८ | सदस्य, अध्यक्ष वडा नं. ६ | श्री खीरमान सिंह बस्नेत ( पृथ्वी ) | |
| ९ | सदस्य, अध्यक्ष वडा नं. ७ | श्री दिवाकर अधिकारी | |
| १० | सदस्य, अध्यक्ष वडा नं. ८ | श्री सानु मैया महर्जन | |
| ११ | सदस्य, अध्यक्ष वडा नं. ९ | श्री दिनेश श्रेष्ठ | |
| १२ | सदस्य, अध्यक्ष वडा नं. १० | श्री नरेश महर्जन | |
| १३ | सदस्य | श्री हरिराम बोगटी | |
| १४ | कार्यपालिका सदस्य | श्री जमुना महर्जन | |
| १५ | सदस्य | श्री पवित्रा विष्ट | |
| १६ | सदस्य | श्री विमला थापा (कार्की) | |
| १७ | सदस्य | श्री राजिता गौतम महर्जन | |
| १८ | सदस्य | श्री राज्यलक्ष्मी श्रेष्ठ शाक्य | |
| १९ | सदस्य | श्री सुजाता सुनाम | |
| २० | सचिव | श्री राम दत्त भट्ट | |



CS CamScanner

| आमन्त्रित व्यवस्थापन कर्मचारीहरु: | | | |
|---|---|---|---|
| सि.न. | पद | नाम, थर | दस्तखत |
| १ | लेखा अधिकृत | श्री प्रविनकुमार शाही | |
| २ | बरिष्ठ ईन्जिनियर सातौं | श्री कृष्णभोला महर्जन | |
| ३ | वरिष्ठ अधिकृत सातौ | श्री जनक थापा | |
| ४ | अधिकृत छैठौं | श्री अकिल अमात्य | |
| ५ | प्रमुख सचिवालय | श्री राजकपुर श्रेष्ठ | |
| ६ | उप प्रमुख सचिवालय | श्री केशव महर्जन | |

**प्रस्तावहरु**

१) परम्परागत शैलीमा घर निर्माण अनुदान सम्वन्धमा।

२) आ.व.२०८०/२०८१ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धमा ।

३) आ.व. २०८१/२०८२ को चौमासिक खर्च विवरण सम्बन्धमा ।

४) स्थानीय सहिद दिवस मनाउने सम्बन्धमा ।

५) २९ औं नगरपालिका स्थापना दिवस तथा खेलाडी सम्मान सम्बन्धमा ।

६) विविध ।



CamScanner

निर्णय नं . १

कीर्तिपुर नगर क्षेत्रभित्र नेवारी परम्परागत शैलीमा घर निर्माणलाई प्रवर्द्धन गर्न तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्दै पहिचान जोगाई राख्न परम्परागत घर निर्माण अनुदान प्रदान गर्नका लागि अध्ययन गरी मापदण्ड संशोधन सहित कार्यविधिको मस्यौदा तयार गरी ७(सात) दिन भित्र पेश गर्ने गरी तपशिलबमोजिमको ५ सदस्यीय कार्यदल गठन गर्ने निर्णय गरियो ।

तपशिलः

| | | |
|---|---|---|
| वडा नं. १० अध्यक्ष | श्री नरेश महर्जन | - संयोजक |
| वडा नं. १ अध्यक्ष | श्री ईच्छा कुमार महर्जन | - सदस्य |
| वडा नं. २ अध्यक्ष | ई. रुपेश महर्जन | - सदस्य |
| वडा नं. ८ अध्यक्ष | श्री सानुमैया महर्जन | - सदस्य |
| विपद् व्यवस्थापन शाखा प्रमुख | श्री कृष्णभोला महर्जन | - सदस्य सचिव |

निर्णय नं . २

बैठकमा पेश हुन आएको यस नगरपालिकाको आ.व.२०८०/२०८१ को अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदन माथि दफावार छलफल गरियो ।

निर्णय नं . ३

बैठकमा पेश हुन आएको यस नगरपालिकाको चालु आ.व. २०८१/२०८२ को हाल सम्मको तपशिल बमोजिमको चौमासिक खर्च विवरण बैठकमा पेश हुन आएकोमा व्यापक छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो।

तपशिल

| आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१-२०८१/११/२९ | | | | |
|---|---|---|---|---|
| बजेट उपशीर्षक | | बजेट | | |
| संकेत | नाम | चालु | पूंजीगत | जम्मा |
| ८०३३५४०२१०१ | कीर्तिपुर नगरपालिका | ६८,२१,५१,८६६ | ६४,३५,५२,६३४ | १,३२,५७,०४,५०० |
| जम्मा | | ६८,२१,५१,८६६ | ६४,३५,५२,६३४ | १,३२,५७,०४,५०० |
| बजेट उपशीर्षक | | खर्च | | |
| संकेत | नाम | चालु | पूंजीगत | जम्मा |
| ८०३३५४०२१०१ | कीर्तिपुर नगरपालिका | २५,७३,३३,१०९.६७ | ९,०४,४९,०५४।०२ | ३४,७७,८२,१६३।६९ |
| जम्मा | | २५,७३,३३,११० | ९,०४,४९,०५४ | ३४,७७,८२,१६४ |
| बजेट उपशीर्षक | | खर्च (%) | | |
| संकेत | नाम | चालु | पूंजीगत | जम्मा |
| ८०३३५४०२१०१ | कीर्तिपुर नगरपालिका | ३७.७२% | १४.०५% | २६.२३% |
| जम्मा | | ३७.७२% | १४.०५% | २६.२३% |



CamScanner

- कुल बजेटः १ अर्ब ३२ करोड ५७ लाख ४ हजार ५ सय
- चालु तर्फः ६८ करोड २१ लाख ५१ हजार ८ सय ६६
- पुंजीगत तर्फः ६४ करोड ३५ लाख ५२ हजार ६ सय ३४

खर्च तर्फः

- चालुः २५ करोड ७३ लाख ३३ हजार १ सय ९ रूपैंया ६७ पैसा
- पुंजीगतः ९ करोड ४ लाख ४९ हजार ५४ रूपैंया २ पैसा
- जम्माः ३४ करोड ७७ लाख ८२ हजार १ सय ६३ रुपैंया ६९ पैसा

निर्णय नं .४

तत्कालिन पञ्चायत व्यवस्था विरुद्धको जनआन्दोलनमा २०४६ साल चैत्र २० गते कीर्तिपुरका ४ जना सहिदहरुको सम्झनामा २०८१ चैत्र २० गतेका दिन प्रभातफेरी, प्रवचन लगायत विभिन्न कार्यक्रम सहित भव्यरुपमा स्थानीय सहिद दिवस मनाउने र उक्त दिन कीर्तिपुर नगरपालिका अन्तर्गतका कार्यालयहररु/निकाय/संघ संस्थाहरूमा स्थानीय सार्वजनिक बिदा दिने निर्णय गरियो।

निर्णय नं. ५

कीर्तिपुर नगरपालिकाको २९ औं स्थापना दिवसको अवसरमा विभिन्न खेल बिधामा अन्तराष्ट्रिय स्तरमा आयोजना भएका खेलमा सहभागी भई बिजयी (पदक प्राप्त गर्ने) हुने खेलाडी तथा प्रशिक्षकलाई तपशिल बमोजिमको नगद पुरस्कार सहित सम्मान गर्ने निर्णय गरियो ।

तपशिल

- कीर्तिपुर नगरपालिका वडा नं. १० स्थायी निवासी श्री धर्म महर्जन भारतको मुम्बईमा आयोजना भएको अन्तराष्ट्रिय टाटा मुम्बई म्याराथन २०२५ दौड प्रतियोगितामा सहभागी भई उमेर समूह ५०-५४ मा प्रथम स्थान हासिल गरी स्वर्ण पदक प्राप्त गर्न सफल हुनुभएकोले रु. ३५,०००।- नगद पुरस्कार सहित सम्मान गर्ने ।
- प्रथम खोखो विश्वकप खेल प्रतियोगितामा पुरूष विधा तर्फ दोस्रो स्थान हासिल गर्न सफल उक्त खेलका मुख्य प्रशिक्षक कीर्तिपुर नगरपालिका वडा नं. ०२ स्थायी निवासी श्री बिक्की राज महर्जन लाई रु. १५,०००।- नगद पुरस्कार सहित सम्मान गर्ने ।
- मित्र राष्ट्र चीनमा २०८१ सालमा आयोजित युनान ग्लोबल भिलेज ईन्टरनेश्नल स्पोर्टस कार्निभल ३ बाई तीन (३*३) च्याम्पियनसिप बास्केटबल खेल प्रतियोगितामा बिजय हासिल गर्न सफल उक्त खेलका खेलाडी कीर्तिपुर नगरपालिका वडा नं. १० स्थायी निवासी श्री निश्चल महर्जन लाई रु. १५,०००।- नगद पुरस्कार सहित सम्मान गर्ने ।

निर्णय नं. ६

यस नगरकार्यपालिका कार्यालयमा बिभिन्न मितिमा "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र माग गरी पेश हुन आएका निवेदकहरु मध्ये "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी समितिबाट योग्यता सम्वन्धी कागजातहरु रुजु गरी ईजाजतपत्र दिनका लागि सिफारिस भै आएका निम्न निवेदक/ फर्महरुलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स | फर्म /कम्पनीको नाम | संचालकको नाम | वडा नं | ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | अभिजित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | चौधरी लाल लोड | ४ | कीर्तिपुर | |



CamScanner